annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ६२ पृष्ठ १० | काठमाडौं, सोमबार १६ असार २०८२ | आषाढ शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४५ | MONDAY, JUNE 30, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कर्णालीले डाक्टर बनाउँछ, तर डाक्टरको सेवा पाउँदैन

कुनै बेला कर्णालीको नाम लियो कि, डाक्टरहरू नाक खुम्च्याउँथे । तर, पहिले जस्तो छैन कर्णाली । बर्सेनि धमाधम डाक्टर उत्पादन गरिरहेको छ । दुर्भाग्य नै मान्नुपर्छ, तिनै डाक्टरबाट सेवा सुविधा भने कर्णालीले पाउँदैन । अरू त अरू, जिल्ला अस्पतालमा टन्नै विशेषज्ञ डाक्टरको दरबन्दी छ, तर सबै रिक्त छन् । स्थानीय पालिकाका स्वास्थ्य संस्थाको त झनै बेहाल छ । ती अस्पताल त बिरामी रिफर गर्ने सेन्टर जस्ता छन् । त्यसैले सानोतिनो रोगको उपचारका लागि कर्णालीवासी कि त जुम्ला कि त प्रदेश बाहिरै धाउनुपर्ने बाध्यता छ ।

समाचार पृष्ठ २

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

– को रिपोर्ट



## इरानले केही महिनाभित्रै युरेनियम प्रशोधन सुरु गर्न सक्छ : ग्रोसी

**तेहेरान** (एजेन्सी) : इरानले केही महिनाभित्रै बमका लागि युरेनियम प्रशोधन सुरु गर्ने संयुक्त राष्ट्रसंघको आणविक प्रमुखले बताएका छन्। अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका प्रमुख राफेल ग्रोसीले गत सप्ताहन्तमा तीन इरानी क्षेत्रहरूमा अमेरिकी आक्रमणले गम्भीर तर पूर्णरूपमा क्षति भने नपुर्‍याएको बताए। इरानको परमाणु केन्द्रहरू पूर्णरूपमा ध्वस्त भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दाबीको खण्डन गर्दै ग्रोसीको यस्तो अभिव्यक्ति आएको हो। 'सत्य कुरा भन्नुपर्दा, कसैले पनि त्यहाँ सबै पूर्णरूपमा नष्ट भयो र केही छैन भनेर दाबी गर्न सक्दैन', ग्रोसीले भने।

इरान परमाणु हतियार बनाउने क्रमको निकै नजिक रहेको भन्दै गत जुन १३ तारिकमा इजरायलले इरानको आणविक र सैन्य क्षेत्रहरूमा आक्रमण गरेको थियो। पछि गएर अमेरिकाले पनि इरानका तीन आणविक केन्द्रहरू फोर्डो, नातान्ज र इस्फहानमा बम खसाल्यो। तर क्षतिको वास्तविक स्थिति अस्पष्ट छ। ग्रोसीले तेहरानले केही महिनाभित्रै युरेनियम प्रशोधन सुरु गर्न सक्ने सम्भावना औंल्याएका छन्।

## सिनामंगल हवाई इन्धन डिपो स्थानान्तरणको डीपीआर अन्तिम चरणमा




**सुनिता कार्की** | *काठमाडौं*

सिनामंगलस्थित हवाई इन्धन डिपोलाई स्थानान्तरण गर्ने विस्तृत योजना तयार पार्ने काम अन्तिम चरणमा पुगेको छ। पुल्चोकस्थित इन्जिनियरिङ अध्ययन संस्थानको कन्सल्टेन्सी सेवाले यो विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्दैछ।

यो योजनाको मस्यौदा (ड्राफ्ट) प्रतिवेदन निगमले असारको पहिलो सातामै प्राप्त गरिसकेको छ। संस्थान र निगमबीच २०८१ साल मंसिर ५ गते सम्झौता भएको थियो, जसअनुसार ६ महिनाभित्र डीपीआर तयार गरी बुझाउनुपर्ने छ। सोहीअनुसार असार २७ गते संस्थानले अन्तिम प्रतिवेदन बुझाउने तयारी गरेको छ।

डिपो प्रमुख इन्जिनियर प्रदीपकुमार यादवका अनुसार सबै प्रक्रिया योजनाअनुसार अगाडि बढिरहेको छ। डिपो अत्याधुनिक प्रविधिमा आधारित हुनेछ। डीपीआर तयार पार्ने कामका लागि दुई पक्षबीच १ करोड ९८ लाख ८४ हजार १ सय ८३ रुपैयाँ ७३ पैसामा सम्झौता भएको हो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित 'सिनामंगल हवाई इन्धन डिपो'लाई स्थानान्तरण गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को २०८१ साउन २८ गते निर्णय गरेको थियो।

उक्त डिपो एकातिर विमानस्थलको रनवेनजिक भएको र अर्कोतिर बस्तीनजिक रहेकाले सरकारले सार्ने निर्णय गरेको हो। विमानस्थल विस्तार गुरुयोजनाले पनि डिपो सार्नुपर्ने सुझाएको थियो। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) अन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनासँग समन्वय गर्दै डिपो स्थानान्तरणको काम अघि बढाइएको प्रमुख यादवले बताए।

नेपाल आयल निगमअन्तर्गतको करिब ५० वर्ष पुरानो यो सिनामंगल हवाई इन्धन डिपोको भण्डारणा क्षमता ७ हजार ६ सय ६० किलोलिटर छ।

» बाँकी पृष्ठ ६

## भारतमा भागदौड हुँदा ३ को मृत्यु

**ओडिसा** (एजेन्सी) : आइतबार बिहान ओडिसाको पुरीमा रहेको गुन्डिचा मन्दिर बाहिर भागदौड हुँदा कम्तीमा तीन जनाको मृत्यु भएको छ। घटनामा ५० भन्दा बढी घाइते भएका छन्। वार्षिक रथयात्रा उत्सवका लागि पुरीमा लाखौं भक्तजनहरू भेला भएका थिए।

सारधाबलीमा बिहान ४-४:२० बजेतिर धार्मिक सामग्री बोकेको गाडी भीडमा पस्दा यो घटना भएको हो। प्रत्यक्षदर्शीहरूले तीर्थयात्रीहरूको बढ्दो संख्यालाई व्यवस्थापन गर्न पर्याप्त प्रहरी व्यवस्था वा अधिकारीहरू नभएको आरोप लगाएका छन्। अस्पतालका अधिकारीहरूले घाइतेहरूमध्ये केहीलाई प्राथमिक उपचारपछि डिस्चार्ज गरिएको बताएका छन् भने अरूलाई गम्भीर चोटपटक लागेर अस्पतालमा भर्ना गरिएको जनाए।

मुख्यमन्त्री मोहन चरण माझीले घटनाप्रति समवेदना व्यक्त गर्दै लापरबाही अक्षम्य रहेको बताए। 'यो लापरबाही अक्षम्य छ। सुरक्षा कमजोरीको तत्काल अनुसन्धान गरिनेछ र जिम्मेवार व्यक्तिहरूविरुद्ध कारबाही सुरु गर्न आवश्यक कदम चाल्न मैले निर्देशन दिएको छु', मुख्यमन्त्रीले एक्समा लेखे।




## प्रतिनिधिसभाबाट निजामती विधेयक पारित, कर्मचारीतन्त्रमा संघीयता कार्यान्वयन

**राधा खनाल** | *काठमाडौं*



- कर्मचारी अवकाशको उमेर ६०
- कुलिङ पिरियड २ वर्ष
- सहसचिव खुला प्रतिस्पर्धाबाट
- उमेर हद महिला ३९ र पुरुष ३५
- अतिरिक्त सचिव पद सिर्जना
- मुख्यसचिवको सेवा अवधि २ र सचिवको ४ वर्ष
- कर्मचारी १ वर्ष सरुवा नहुने

निजामती सेवासम्बन्धी विधेयक प्रतिनिधिसभाबाट पारित भएको छ। ०८० फागुनमा दर्ता भएको विधेयक १५ महिनापछि प्रतिनिधिसभाबाट पारित भएको हो। उक्त विधेयक अब राष्ट्रियसभामा जानेछ। त्यहाँबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि ऐन बन्नेछ।

प्रतिनिधिसभा बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव गरेका थिए। सभामुख देवराज घिमिरेले निर्णयार्थ पेस गरे र बहुमतले पारित भएको घोषणा गरे।

विधेयकमाथि अमनलाल मोदी, जनार्दन शर्मा, कान्तिका सेजुवाल, प्रकाश ज्वाला, प्रभु साह, रञ्जुकुमारी झा, डा.अमरेशकुमार सिंह, चन्द्रकान्त भण्डारी, रामकृष्ण यादव, ज्वालाकुमारी साह, माधव सापकोटा, लेखनाथ दाहाल, शेरबहादुर कुँवर लगायतका सांसदहरूले छलफलमा भाग लिएका थिए।

सभामुख घिमिरेले भने, 'संघीयताको सफल कार्यान्वयनका लागि आवश्यक कानुनी पूर्वाधारमध्ये यो विधेयक एक ऐतिहासिक र दूरगामी प्रभाव पार्ने नीतिगत प्रस्थान बिन्दुका रूपमा लिएको छु।' राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले प्रतिनिधिसभाबाट पारित विधेयक छिट्टै राष्ट्रियसभामा पठाइने जानकारी दिए। त्यहाँबाट पुन: प्रतिनिधिसभामा आउने छ।

प्रतिनिधिसभाले प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालय पठाउनेछ। राष्ट्रपतिले प्रमाणीकरण गरी राजपत्रमा प्रकाशित भएपछि मात्र ऐन कार्यान्वयनमा आउनेछ।' खतिवडाले निजामती सेवा विधेयकमा प्रतिनिधिसभाको राज्य व्यवस्था समितिले विभिन्न चरणमा छलफल गरेर ११ नयाँ व्यवस्थाहरूको प्रावधान गरेको बताए।

नयाँ व्यवस्था यी हुन् :

**कर्मचारी अवकाशको उमेर ६०**

कर्मचारीको अवकाशको उमेर ६० वर्ष हुने भएको छ। यो चरणबद्ध ढंगले लागू हुनेछ। पारित भएको विधेयकमा आर्थिक वर्षमा ५८ वर्षमा नै अवकाश हुने, दोस्रो वर्ष ५९ वर्षमा र तेस्रो वर्षदेखि ६० वर्षमा अवकाश हुने गरी चरणबद्ध व्यवस्था गरिएको हो। लोक सेवा आयोगबाट नयाँ भर्ना कायम राख्न सकिने किसिमले आयोगकै सुझावअनुसार अवकाशलाई चरणबद्ध राखिएको समिति सभापति खतिवडाले बताए । उनले भने, 'एकपैटक ६० वर्ष कायम गर्दा कर्मचारीको अवकाश रोकिने र नयाँ भर्ना पनि ठप्प हुने भएकाले चरणबद्धको व्यवस्था गरिएको हो।'

» बाँकी पृष्ठ ६